# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १७ अगस्त २०२५**

समय: १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज  भोकल फर लोकलमा जोड दिनु हुँदै मानिसहरूलाई भारतमा बनेका उत्पादनहरूमा विश्वास गर्न अनि खरिद गर्न आग्रह गर्नुभयो।
- नेपालका विदेश सचिव अमृतबहादुर राईको निमन्त्रणामा भारतका विदेश सचिव विक्रम मिश्री आज दुई दिने राजकीय भ्रमणका लागि काठमाडौं पुग्नु भएको छ।
- निर्वाचन आयोगले तिनीहरूको निम्ति सबै दल समान रहेको अनि राजनीतिक दलहरू बीच कुनै भेदभाव नगरेको बताएको छ।
- दार्जिलिङ लोकसभा सांसद राजु विष्टले आज दार्जिलिङ पहाडी क्षेत्रए  तराई,  डुवर्स र उत्तर बंगाल क्षेत्रका विभिन्न चिया ट्रेड युनियनका नेता र प्रतिनिधिहरूसँग बैठक गर्नुभयो।
- नेपाली भाषा दिवस समितिले आउँदो 20 अगस्तको दिन 34  औं भाषा दिवस भव्यताका साथ मनाउने भएको छ।

**प्रधानमन्त्री दिल्ली परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोकल फर लोकलमाथि जोर दिनुहुदै मानिसहरूलाई भारतमा भएको उत्पादहरूमाथि विश्वास गर्ने अनि किन्ने आग्रह गर्नुभएको छ। आज नयाँ दिल्लीमा लगभग ११ हजार करोड़ रुपियाको दुइ प्रमुख राष्ट्रीय राजमार्ग परियोजनाहरूको उद्घाटन गर्नुहुदै श्री मोदीले भन्नुभयो, देशलाई बलियो बनाउन अनि आत्मनिर्भर बनाउनको निम्ति चरखाधारी मोहनले बताएको बाटोमा हिड़न पर्नेछ। उहाले अझ भन्नुभयो, आउने पीढ़िको जी.एस.टी सुधार देशवासीहरूको निम्ति दोहोरो लाभ लिएर आउनेछ।

**विदेश सचिव**

नेपालका विदेश सचिव अमृतबहादुर राईको निमन्त्रणामा भारतका विदेश सचिव विक्रम मिश्री आज दुई दिने राजकीय भ्रमणका लागि काठमाडौं पुग्नु भएको छ।  उहाँले आज सिंहदरबारमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको छ।  श्री मिश्रीले राष्ट्रपति रामचन्द्र पौडेलए  नेपाली कांग्रेसका अध्यक्ष शेरबहादुर देउवा  र विदेशमन्त्री आरजु राणा देउवासँग पनि भेट गर्नु भयो। श्री मिश्रीले नेपालका विदेश सचिव अमृतबहादुर राईसँग प्रतिनिधिमण्डलस्तरीय वार्तामा भारत अनि नेपाल बीच कनेक्टिभिटीए  विकास सहयोग र अन्य द्विपक्षीय मुद्दाहरूमा छलफल गर्ने अपेक्षा गरिएको छ। विक्रम मिश्रीको भ्रमण नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको १६ सितम्बरमा हुने भारतको अपेक्षित भ्रमणभन्दा अगाडि भएको हो।

**निर्वाचन आयोग- प्रेस वार्ता**

निर्वाचन आयोगले आज बताए अनुसार तिनीहरूको निम्ति सबै दल समान हो अनि राजनीतिक दलहरू बीच कुनै भेदभाव गर्दैन। आज नया दिल्लीमा मीडियलाई सम्बोधित गर्दै मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले भन्नुभयो, चुनाव आयोग आफनो संवैधानिक कर्तव्यदेखि पछि हटने छैन। श्री कुमारले भन्नुभयो, केही व्यक्तिहरूद्वारा दोहोरो मतदानको आरोप लगाएको छ तर जब तिनीहरूबाट प्रमाण मागिएको तब कुनै जवाब दिइन। उहाले भन्नुभयो, न त चुनाव आयोग, न कुनै मतदाता यस्तो झूठो आरोपहरूदेखि डराउनेछ।

**आर.जी. कर**

कोलकाताको आर.जी. कर अस्पतालमा एक महिला डाक्टर माथि दुष्कर्म अनि हत्या पछि डाक्टरका माता पिताले सुरक्षाको लागि गरेको निवेदनलाई संज्ञान लिंदै राष्ट्रपति भवनले पश्चिम बंगालका मुख्य सचिव मनोज पन्तलाई यस विषयमा कारबाही गर्न निर्देशन दिएको छ। डाक्टरका पिताले अगस्ट १०, ११ र १२ मा राष्ट्रपति द्रौपदी मुर्मुलाई तीनवटा इमेल पठाउनु

भएको थियो जसमा परिवारले गम्भीर यातना र अस्तित्वको खतरा सामना गरिरहेको आरोप लगाएको थियो। उहाँले आफ्नो पत्रमा लेख्नु भएको थियो, हामीले सबै कुरा गुमाइसकेका छौं। यो तपाईंको कार्यालयमा हाम्रो तेस्रो मेल हो - कृपया जवाफ दिनुहोस्।

**न्यु जलपाईगुडी रेलवे**

न्यु जलपाईगुडी रेलवे स्टेशनमा विद्युतीकरणए शेड निर्माण अनि पूर्वाधार विकासका लागि आजदेखि बुधबारसम्म नौ रेलहरू रद्द गरिएको छ। यससँगै धेरै रेलहरूको मार्ग छोट्याइएको छ। धेरै रेलहरू मार्ग परिवर्तन गरिएको छ। फलस्वरूपए यात्रा पूरा गर्न केही अतिरिक्त समय लाग्न सक्छ। आगामी केही दिनमायात्रीहरूले समस्याको सामना गर्नुपर्नेछ। रेलवेले दिएको जानकारी अनुसार धेरै रेलहरूको तालिका पनि परिवर्तन गरिएको छ।

**खरसाङ महाविद्यालय**

खरसाङ महाविद्यालयको ५६ औं स्थापना दिवस समारोह साथै स्वर्ण जयन्ती समारोह शैक्षिक भवनको उदघाटन समारोह सम्पन्न भएको छ। महाविद्यालय सञ्चालन समितिको सभापति एंव वरिष्ठ साहित्यकार डा जस योञ्जन प्यासीको अध्यक्षता र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रमको शुरुमा डा जस योञ्जन प्यासी र जीटीएको प्रमुख कार्यपाल अनित थापाको बाहुलीबाट रिबन काटेर खरसाङ महाविद्यालयको नयाँ भवनको उदघाटन गरिएको छ। कार्यक्रममा खरसाङ महाविद्यालयका प्राचार्य डा समीर बलले महाविद्यालयको वार्षिक रिपोर्ट प्रस्तुत गरेका थिए। विशिष्ट अतिथिको रुपमा जीटीएको मुख्य सल्लाहकार अमर लामा, सूचना अनि सांस्कृतिक विभागको कार्यकारी सभासद अनोश थापा, तथा वरिष्ठ पत्रकार केशव प्रधान लगायत अन्यहरु उपस्थित रहेका थिए।

**राजु विष्ट**

दार्जिलिङ लोकसभा सांसद तथा भाजपा राष्ट्रिय प्रवक्ता राजु विष्टले आज दार्जिलिङ पहाडी क्षेत्रए तराईए डुवर्स र उत्तर बंगाल क्षेत्रका विभिन्न चिया ट्रेड युनियनका नेता र प्रतिनिधिहरूसँग चिया बगान र सिन्कोना बगानका श्रमिकबर्गको ज्वलन्त चिन्ताको बारेमा बैठक गर्नुभयो। बैठकमा चिया बगान अनि सिन्कोना बगानका श्रमिकहरुले सामना गरिरहेका चुनौतीहरू, उनीहरूको कम बेतन, संसदद्वारा पारित गरेको नयाँ श्रम संहिताको कार्यान्वयन नगर्नु, उनीहरूको निरन्तर शोषण र पश्चिम बंगाल सरकारले उनीहरूको अधिकारको उल्लङ्घन गरिरहेको बारे विस्तृत रूपमा चर्चा गर्नु भयो। सांसद विष्टले श्रमिकहरूको अधिकारको रक्षा गर्नए उनीहरूको गुनासो सम्बोधन गर्न र प्रत्येक चिया र सिन्कोना बगानका श्रमिकहरुलाई न्याय सुनिश्चित गर्न सबै ट्रेड र श्रमिक युनियनहरूसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको बताउनु भयो। बैठकमा अलिपुरद्वारका सांसद मनोज तिग्गा, मतिगडा-नक्सलबारीका विधायक आनन्दमय बर्मनए फासीदेवाका विधायक दुर्गा मुर्मु र भाजपा राज्य ट्रेड युनियन सम्बन्ध प्रकोष्ठका सह-संयोजक अरित्रा चटर्जी लगायत अन्य उपस्थित थिए।

**खेला हो बे दिवस २०२५ सम्पन्न**

मिरिक महकुमा अन्तर्गत च्याँगा पानीघट्टा ग्राम पञ्चायत औ मिरिक युवा अनि खेलकुद विभाग को संयुक्त तत्त्वधानमा पश्चिम बङ्गाल सरकारद्वारा आयोजित कार्यक्रम खेला हो बे च्याँगा खेलमैदानमा सम्पन्न भयो।

*यस कार्यक्रममा विभिन्न सांगीतिक कार्यक्रमए लगायत विविध खेलाको साथमा पुटुङ उच्च विद्यालय र पानीघट्टा उच्चतर माध्यमिक विद्यालय का महिला विद्यार्थीहरू बीच फुटबल म्याच सम्पन्न भयो। यस म्याच मा पुटुङ उच्च विद्यालय विजय बन्न सफल भयो र यस कार्यक्रममा विशेषगरी च्यागा पानीघट्टा ग्राम पञ्चायत का १८ जना सदस्यहरू ए सचिव अनि प्रधान सुमित्रा मालेको उपस्थिति रहेको थियो। यस कार्यक्रमलाई सफल बनाउनको निम्ति विशेषगरी मिरिक पञ्चायत समितिका सहकारी सभापति श्रीमती अनिला सुब्बा अनि सभापति कैलाश खवासको उपस्थिति रहेको थियो। अन्तमा प्रधान श्रीमती सुमित्रा मालेले आफ्नो सम्बोधनमा युवाहरूलाई खेलकुद क्षेत्रमा अघि बढाउनको निम्ति सरकारको यो एउटा राम्रो पहल भने जानकारी दिनुभयो।*

**नेपाली भाषा दिवस**

नेपाली भाषा दिवस समितिले आउँदो 20 अगस्तको दिन 34 औं भाषा दिवस भव्यताका साथ मनाउने भएको छ। सालबारी–मेथीबारी वरिपरि क्षेत्रका प्राय: 37 वटा जति संघ-संस्थाहरूको सहभागितामा भव्यरूपमा नेपाली भाषा दिवस

मनाउने बताइएको छ। कार्यक्रम अनुसार 20 अगस्त बुधवार बिहान 9.30 बजी एउटा शोभायात्रा निकालिनेछ। जो एसआईटी मोड़ मेथीबारीबाट शुरू भएर सालबारी चेकपोस्ट पुगी पुन फर्किएर कार्यक्रमस्थलमा आई टुंगिनेछ। शोभायात्रामा नौमती बाजा महिला समूहको पनि सहभागिता रहने जनाइएको छ। त्यसपछि बिहान 11 बजीदेखि विविध सांस्कृतिक कार्यक्रम आयोजन हुनेछ  जसमा विभिन्न सांगीतिक-सांस्कृतिक नृत्य आदि स्थानीय कलाकारहरूद्वारा प्रस्तुत गरिइनेछ भने यसै  बिच  नाटक अस्तित्वको आवाज पनि मञ्चन हुने समितिले जनाएको छ।

**टिस्टा बाढीपीडित**

घूम-जोरबंग्लो पिपल्स अर्गनाइजेशनका सदस्यहरुले ४ अक्टोबर २०२३ मा टिस्टा नदीमा आएको बाढीपछिका समस्याहरू अझ समाधान नभएको गुनासो व्यक्त गर्नु भएको छ। अर्गनाइजेशनका सभापति सांगे डुक्पाले हालैको वर्षापछि नदीको जलस्तर फेरि बढ्दा बाङ्गे,  गेल खोला,  २७ माइल लगायत क्षेत्रका बासिन्दाए  विद्यार्थी तथा यातायात प्रभावित भएको बताउनु भएको छ।  अर्गनाइजेशनले सबै जनप्रतिनिधिहरूलाई राजनीतिकरण नगरी एकताबद्ध भई बाढीपीडितका समस्याको समाधान गर्न आग्रह गरेको छ।

**बंगाल- मौसम**

बंगोपसागरमा फेरि एकपटक निम्न दबाव बन्ने सम्भावना छ जसले गर्दा मौसम परिवर्तनशील रहनसक्छ। मौसम विभागले उत्तर बंगालका केही जिल्लाहरूमा घना वर्षाको अलर्ट जारी गरेको छ भने दक्षिण बंगाल र कोलकातामा हल्का वर्षा अनि मेघ गर्जन हुने अनुमान व्यक्त गरेको छ।

****** ० ******